आज मिति २०८० चैत्र ५ गतेका दिन यस मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक वसी तपशिल वमोजिमका निर्णय गरियो ।

उपस्थिति :

अध्यक्ष :– श्री अर्जुन गुरुङ (अध्यक्ष म. गा.पा.)

उपाध्यक्ष :– श्री जुना माया थापा (उपाध्यक्ष म.गा.पा.)

वडा अध्यक्ष :– श्री रुद्रमान गुरुङ(वडा अध्यक्ष म.गा.पा. १)

वडा अध्यक्ष :– श्री चेत बहादुर गुरुङ(वडा अध्यक्ष म.गा.पा. २)

वडा अध्यक्ष :– श्री दुधमान तामाङ (वडा अध्यक्ष म.गा.पा. ३)

वडा अध्यक्ष :– श्री वल वहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ४)

वडा अध्यक्ष :– श्री घनश्याम घले (वडा अध्यक्ष म.गा.पा. ५)

वडा अध्यक्ष :– श्री मीन राशी गुरुङ (वडा अध्यक्ष म.गा.पा. ६)

वडा अध्यक्ष :– श्री तिल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ७)

वडा अध्यक्ष :– श्री धनसिङ तामाङ (वडा अध्यक्ष म.गा.पा. ८)

वडा अध्यक्ष :– श्री हरिशचन्द्र थापा (वडा अध्यक्ष म.गा.पा. ९)

कार्यपालिका सदस्य :– श्री पूर्ण काशी गुरुङ

कार्यपालिका सदस्य :– श्री पूर्ण घले

कार्यपालिका सदस्य :– श्री पारकाशी गुरुङ

कार्यपालिका सदस्य :– श्री मिना कुमारी नेपाली

कार्यपालिका सदस्य :– श्री मधु माया बगाले

कार्यपालिका सदस्य :– श्री सोम बहादुर वि.क.

प्रमुख प्रशासकीय अधिकृत :– श्री अर्जुन चपाई

**मिति २०८० चैत्र ५ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकका निर्णयहरु:**

निर्णय नं १: अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

मिति २०८०/११/२४ गतेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकले गरेका निर्णयहरू कार्यान्वयनको अवस्था बारे यस बैठकमा समिक्षा गरियो ।

निर्णय नं.२ आ.व. २०८१/८२ को लागि नेपाल सरकारमा योजना माग गरि पठाउने सम्बन्धमा ।

नेपाल सरकारको विभिन्न मन्त्रालयहरुमा आ.व.२०८१/०८२ को लागि निम्न योजनाहरु सिफारिसका साथ अनुरोध गरी पठाउन यस गाउँपालिका गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

क) सडकः

१. खुदी – शिउरुङ – स्याङ्गे सडक, मर्स्याङ्दी - ३,४
२. खुदी – घनपोखरा – नायु सडक, मर्स्याङ्दी - ९,२,१
३. बाहुनडाँडा – घेर्मु सडक, मर्स्याङ्दी - ६,५
४. खुदी - सिम्पानी - भलामचौर - घलेगाउँ सडक , मर्स्याङ्दी ९
५. भुलभुले - सिमलचौर - भुस्मे - रिन्टाङ सडक मर्स्याङ्दी -८
६. ङादी - उस्ता - बराहपोखरी सडक, मर्स्याङ्दी -७
७. खुदी –पाम्पचोक– भलामचौर – घलेगाउँ सडक, मर्स्याङ्दी -९
८. सिम्पानी चक्रपथ, मर्स्याङ्दी ९

ख) मोटरेवल पुलः

१. स्याङ्गे– घेर्मु मोटरेवल पुल, मर्स्याङ्दी -४,५
२. रोप्ले खोला मोटरेवल पुल, मर्स्याङ्दी -२

ग) तटबन्धः

१. खुदी खोला तटबन्ध
२. मर्स्याङ्दी तटबन्ध

घ) खानोपानी योजना

१. बृहत मर्स्याङ्दी खानेपानी योजना, मर्स्याङ्दी गा.पा., लमजुङ

ङ) पर्यटन विकासः

१. जगत तातोपानी कुण्ड विकास योजना, मर्याङ्दी -४
२. डा. हर्क गुरुङ समाधिस्थल पार्क, मर्स्याङ्दी -७
३. माधव प्रसाद घिमिरे जन्म स्थल पार्क, मर्स्याङ्दी -६
४. भक्ति थापा जन्म स्थल पार्क, मर्स्याङ्दी-३
५. हर्सिङ डाँडा पर्यटन विकास योजना, मर्स्याङ्दी -३
६. तारेभिर रक क्लाईम्बिङ विकास योजना, मर्स्याङ्दी -४

अर्जुन चपाई
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष

च) खेल मैदानः

१. घनपोखरा खेल मैदान, मर्स्याङ्दी -१ (हाई अल्टिच्युट ग्राउन्ड २२०० मि.)

२. खुदी खेल मैदान, मर्स्याङ्दी -३

३. केक्याम खेल मैदान, मर्स्याङ्दी -२

४. डादी खेल मैदान, मर्स्याङ्दी -७

५. रामबजार खेल मैदान, मर्स्याङ्दी -४

छ) सिँचाईः

१. तरापु सिँचाई योजना, मर्स्याङ्दी -३

२. रन्जित सेराफाँट सिँचाई योजना, मर्स्याङ्दी - ९

३. डिहि सिँचाई योजना, मर्स्याङ्दी – ७

ज) स्वास्थ्य चौकी भवन निर्माणः

१. सिम्पानी स्वास्थ्य चौकी भनव निर्माण, मर्स्याङ्दी -९

**निर्णय नं. ३ : आ.व. २०८१/०८२ को लागि गण्डकी प्रदेश सरकारमा योजना माग गरि पठाउने सम्बन्धमा ।**

गण्डकी प्रदेश सरकारको विभिन्न मन्त्रालयहरुमा आ.व. २०८०/०८१ को लागि निम्न योजनाहरु सिफारिसका साथ अनुरोध गरि पठाउन यस गाउँपालिका गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**क) सडक :**

१. खुदी - घनपोखरा - नायु - कलाउबेँसी सडक, मर्स्याङ्दी - ९,१,२

२. खुदी - सिम्पानी - भलामचौर - घलेगाउँ सडक , मर्स्याङ्दी – ९

३. बाहुनडाँडा - घेर्मु सडक, मर्स्याङ्दी - ५,६

४. डादी - उस्ता - बराहपोखरी सडक, मर्स्याङ्दी - ७

५. खुदी - शिउरुङ - स्याङ्गे सडक, मर्स्याङ्दी - ३,४

६. खुदी - पाम्पचोक - भलामचौर - घलेगाउँ सडक, मर्स्याङ्दी - ९

७. भुलभुले - सिमलचौर - भुस्मे सडक, मर्स्याङ्दी - ८

८. बाहुनडाँडा - सन्जापु सडक, मर्स्याङ्दी - ५

९. रामबजार - छापा - उपल्लो ताघृङ सडक, मर्स्याङ्दी - ४

१०. खुदी - लामागाउँ - नजरे सडक मर्स्याङ्दी - ९, क्वाहोलासोथार

११. खुदी - ढगैं - हर्सिङ डाँडा सडक, मर्स्याङ्दी -३

**ख) मोटरेवल पुल :**

१. रोप्ल खोला मोटरेवल पुल, मर्स्याङ्दी २

अर्जुन थपाई
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष

ग) पर्यटन विकास :

१. जगत तातोपानी कुण्ड विकास योजना, मर्स्याङ्दी -४
२. माधव प्रसाद घिमिरे जन्मस्थल पार्क, मर्स्याङ्दी -६
३. डा. हर्क गुरुङ समाधिस्थल पार्क, मर्स्याङ्दी -७
४. तारेभिर रक क्लाईम्बिङ विकास योजना, मर्स्याङ्दी -४
५. भक्ति थापा जन्मस्थल पार्क, मर्स्याङ्दी -३
६. हर्सिङ डाँडा पर्यटन विकास योजना, मर्स्याङ्दी -३
७. शिउरुङ होम स्टे विकास योजना, मर्स्याङ्दी -३
८. रक गार्डेन होम स्टे विकास योजना, मर्स्याङ्दी -५
९. घनपोखरा होम स्टे विकास योजना, मर्स्याङ्दी -१
१०. भुम्मे तामाङ होम स्टे विकास योजना, मर्स्याङ्दी -८
११. भलामचौर होम स्टे विकास योजना, मर्स्याङ्दी -९
१२. अन्नपूर्ण बैकल्पिक पदमार्ग, मर्स्याङ्दी गा.पा.
१३. घनपोखरा - दुधपोखरी - शिउरुङ - ताघृङ पदमार्ग, मर्स्याङ्दी -१,३,४
१४. ताराचोक/उस्ता/नयाँगाउँ - बराहपोखरी - भुस्मे - भुलभुले पदमार्ग, मर्स्याङ्दी - ७,८
१५. तल्ङ्यो पोखरी संरक्षण तथा पार्क, मर्स्याङ्दी -१
१६. लामपोखरी संरक्षण, मर्स्याङ्दी -९

घ) खेल मैदान :

१. घनपोखरा खेल मैदान, मर्स्याङ्दी -१ (हाई अल्टिच्युट ग्राउन्ड २२०० मि.)
२. ङादी खेल मैदान, मर्स्याङ्दी -७
३. केक्याम खेल मैदान, मर्स्याङ्दी -२
४. राम बजार खेल मैदान, मर्स्याङ्दी -४
५. खुदी खेल मैदान, मर्स्याङ्दी -३

ङ) तटबन्द :

१. खुदी खोला तटबन्द
२. मर्स्याङ्दी तटबन्द

च) खानेपानी योजना :

१. सिम्पानी खानेपानी योजना, मर्स्याङ्दी -९
२. तिन ताघृङ खानेपानी योजना, मर्स्याङ्दी -४
३. उस्ता खानेपानी योजना, मर्स्याङ्दी -७
४. प्रोवि खानेपानी योजना, मर्स्याङ्दी -२
५. टारी कुना खानेपानी योजना, मर्स्याङ्दी -३
६. न्युरी घेर्मु खानी छिच्यु खानेपानी योजना, मर्स्याङ्दी -५
७. भाचे खाानेपानी योजना, मर्स्याङ्दी -२
८. नयाँ गाउँ खानेपानी योजना, मर्स्याङ्दी -७

अर्जुन थपाई
प्रमुख प्रशासकीय अधिकृत



अध्यक्ष

**छ) सिँचाई :**

१. रोप्लेफाँट सिँचाई योजना, मर्स्याङ्दी -२

२. सिम्पानी सिँचाई योजना, मर्स्याङ्दी -९

३. चामे खोला ठुलोबेँसी सिँचाई, मर्स्याङ्दी -५, ६

४. कलाउबेँसी सिँचाई योजना, मर्स्याङ्दी -१

५. तप्रोखोला सिँचाई, मर्स्याङ्दी -४

६. लाम्पाटा सिँचाई, मर्स्याङ्दी - ४

७. चनौटे सिँचाई, मर्स्याङ्दी -६

८. देवी कुलो सिँचाई, मर्स्याङ्दी -८

९. सेराफाँट सिँचाई, मर्स्याङ्दी -९

**ज) भूसंरक्षण योजना :**

१. तराञ्चे गाउँ संरक्षण योजना, मर्स्याङ्दी -७

२. घोप्टे खोला रामबजार क्षेत्र पहिरो नियन्त्रण, मर्स्याङ्दी -४

३. भँगेरी गाउँ संरक्षण योजना, मर्स्याङ्दी -८

४. घनपोखरा नायुँ गाउँ संरक्षण, मर्स्याङ्दी -१

**निर्णय नं. ४ : आ.व. २०८१/८२ को लागी गण्डकी प्रदेश सरकारलाई विशेष र समपुरक अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रम पेश गर्ने सम्बन्धमा।**

गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालय, पोखराको पत्र मिति र पत्र संख्या क्रमश २०८०-१२-०१ र ६०१ अनुसार विशेष र समपुरक अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रमको प्रस्ताव पेश गर्ने बमोजिम तपशिल बमोजिमका योजनाहरु सिफारिस गरि पठाउने यस गाउँपालिकाको गाँउकार्यपालिका वैठकमा सर्वसम्मतिले निर्णय गरियो।

तपशिलः

क) समपुरक अनुदानतर्फः

१. खुदी - सिम्पानी - भलामचौर - घलेगाँउ सडक, मर्स्याङ्दी -९ (क्रमागत)

२. खुदी - घनपोखरा नाँयू सडक, मर्स्याङ्दी -९,२,१ (क्रमागत)

३. दोभानचौर - थाकान बेँसी सडक, मर्स्याङ्दी -६

ख) विषेश अनुदान तर्फः

१. खुदी खोला तटबनध, मर्स्याङ्दी -३,९

२. सिम्पानी खानेपानी योजना, मर्स्याङ्दी -९

३. तिन ताघृङ खानेपानी योजना, मर्स्याङ्दी -४

अर्जुन चपाई
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष

**निर्णय नं. ५ : कार्यविधीहरु पारित गर्ने सम्बन्धमा ।**

यस गाउँपालिका मातहातका विभिन्न क्षेत्रहरुमा थप प्रभावकारी ढङ्गबाट काम गर्न गाउँपालिका द्वारा समन्वय तथा सहकार्य गर्न सहज बनाउनको निम्नि निम्न कार्यविधिहरु यस गाउँपालिकाको गाँउकार्यपालिका वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

१. महिला सञ्जाल गठन तथा परिचालन कार्यविधि, २०८०

२. अपाङ्गता सञ्जाल गठन तथा सञ्चालन कार्यविधि, २०८०

३. जेष्ठ नागरिक सञ्जाल गठन तथा सञ्चालन कार्यविधि, २०८०

४. किसान सञ्जाल गठन तथा सञ्चालन कार्यविधि, २०८०

५. यूवा तथा खेलकुद विकास समिति गठन तथा सञ्चालन कार्यविधि, २०८०

६. मर्स्याङ्दी गाउँपालिका कृषि तथा पशु हाटबजार सञ्चालन कार्यविधि, २०८०

७. मर्स्याङ्दी गाउँपालिकाको न्युनतम समर्थन मुल्य कार्यान्वयन कार्यविधि, २०८०

८. बालविवाह मुक्त क्षेत्र घोषणा कार्यविधि, २०८०

**निर्णय नं. ६ : कार्यविधी सम्सोधन गर्ने सम्बन्धमा ।**

मर्स्याङ्दी गाउँपालिकाको युवा उद्यमशिलता विकास कोष (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ लाई निम्नानुसार संसोधन गर्ने यस गाउँपालिकाको गाँउकार्यपालिका वैठकमा **सर्वसम्मतिले** निर्णय गरियो ।

मर्स्याङ्दी गाउँपालिकाको युवा उद्यमशिलता विकास कोष (संचालन तथा **व्यवस्थापन**) कार्यविधि, २०७६

**दफा ६ कोषको प्रयोग :**

| **हालको अवस्था** | **संसोधन** |
|---|---|
| १.युवाहरुलाई उद्यमी बन्न प्रोत्साहन गर्न, युवाहहरुको नाममा उद्योगको स्थापना, सञ्चालन, थप प्रवर्द्धन, प्रविधि विकास सम्बन्धी कार्यमा सरल र सुलभ तरिकाबाट विना धितो कर्जा प्रवाह गर्न कोषको प्रयोग गरिनेछ ।<br><br>२. कोषको रकम सिभिल बैंक, भुलभुले शाखामा खाता खोली जम्मा गरिने छ ।<br><br>३. कोषको रकम बैक मार्फत लगानी तथा असुली गरिने छ । | १.युवाहरुलाई उद्यमी बन्न प्रोत्साहन गर्न, युवाहहरुको नाममा उद्योगको स्थापना, सञ्चालन, थप प्रवर्द्धन, प्रविधि विकास सम्बन्धी कार्यमा सरल र सुलभ तरिकाबाट विना धितो कर्जा प्रवाह गर्न कोषको प्रयोग गरिनेछ ।<br><br>२. साना किसान, महिलाहरुलाई साना व्यवसाय मार्फत उद्यमी बन्दै आत्मनिर्भर बनाउन र आय आर्जन बृद्धि गर्न सहकारी वा समुहलाई विना धितो कर्जा प्रवाह गर्न कोषको प्रयोग गरिने छ ।<br><br>३. कोषको रकम हिमालयन बैंक, भुलभुले शाखामा खाता खोली जम्मा गरिने छ ।<br><br>४. कोषको रकम बैक मार्फत लगानी तथा असुली गरिने छ । |

अर्जुन चपाई
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष

**निर्णय नं. ७ : घर स्थान्तरणको लागि सिफारिस गर्ने सम्बन्धमा ।**

गएको मनसुनहरुमा भएको भारि वर्षाको कारण आएको वाढी पहिरोले पूर्ण क्षति पुऱ्याएको र उच्च जोखिममा रहेका निम्न घरहरु स्थान्तरणको लागि जिल्ला विपद् व्यवस्थापन समिति, लमजुङलाई सिफारिस गरि पठाउने यस गाउँपालिकाको गाँउकार्यपालिका वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

| | लाभग्राही नम्वर |
|---|---|
| १. चेत बहादुर गुरुङ, मर्स्याङ्दी -१ | ७८-M-०१-०७५ |
| २. चित्र बहादुर गुरुङ, मर्स्याङ्दी -१ | ७८-M-०१-०७६ |
| ३. रेक बहादुर गुरुङ, मर्स्याङ्दी -१ | ७८-M-०१-०७८ |
| ४.मन प्रसाद गुरुङ, मर्स्याङ्दी -३ | ७८-M-०३-०८३ |
| ५. विष्णु कुमार श्रेष्ठ, मर्स्याङ्दी -३ | ७८-M-०३-०८४ |
| ६. मेतरनी कामी, मर्स्याङ्दी -९ | ७८-M-०९-१०५ |
| ७. सेती तामाङ, मर्स्याङ्दी -६ | नयाँ |
| ८. जित बहादुर गुरुङ, मर्स्याङ्दी -६ | नयाँ |
| ९. चिन माया तामाङ, मर्स्याङ्दी -६ | नयाँ |

**निर्णय नं. ८ : प्रवक्ता तोक्ने सम्बन्धमा ।**

गाउँपालिकाको गतिविधी, योजना, दृष्टिकोण, कार्यक्रम र निर्णयहरु वारे जानकारी गर्न र प्रवक्ताको हैसियतमा विभिन्न तोकिएको कार्यहरु सम्पादन गर्ने वडा नं. ७ का वडा अध्यक्ष तिल वहादुर गुरुङलाई प्रवक्ता तोक्ने यस गाउँपालिकाको गाँउकार्यपालिका वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं. ९ : औषधी खरिदको लागि बजेट रकमान्तर गर्ने सम्बन्धमा ।**

मर्स्याङ्दी गाउँपालिकाको स्वास्थ्य तर्फको स्वीकृत बार्षिक बजेट कार्यक्रम अन्तर्गतको सि.न. १९ मा उल्लेखित अस्पताल संचालन तथा व्यवस्थापन खर्च शिर्षकमा बिनियोजित रकम रु १०,००,०००।– (अक्षरुपी रु दश लाख) औषधी तथा स्वास्थ्य सामाग्री खरिद शिर्षकमा रकमान्तर गर्ने यस गाउँपालिकाको गाउँकार्यापालिका बैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं १०: यातयात खर्च सम्बन्धमा ।**

मर्स्याङ्दी गाउँपालिकाको स्वास्थ्य तर्फको शसर्त स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गतको पालिकाहरुमा PNC Home Visit कार्यक्रम संचालन, अन्तर्गत सुत्केरी भएकाहरुलाई घरमै गई सुत्केरी जाँच गरेवापत प्रति पटक १ जना स्वास्थ्यकर्मीलाई रु ५००।– का दरले यातयात खर्च रकम प्रदान गर्ने यस गाउँपालिकाको गाउँकार्यापालिकाको बैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं. ११ : सुपर खुदी हाईड्रोपावर प्रा.लि. र सुपर डादी जलविद्युत आयोजनालाई ढुङ्गा बालुवाको रोयाल्टि निर्धारण सम्बन्धमा ।**

यस मर्स्याङदी गाउँपालिका वडा नं २ र वडा नं ६ मा रहेको क्रमश सुपर खुदी हाईड्रोपावर प्रा.लि. र सुपर डादी जलविद्युत आयोजना यस गाउँपालिकाका ठुला, रुपान्तरणकारी तथा प्राथमिकता प्राप्त आयोजना भएको साथै ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा १२ उपदफा (१) बमोजिम ठुला, रुपान्तरणकारी तथा प्राथमिकता प्राप्त आयोजनाहरुको लागी नदीजन्य पदार्थको अभाव हुन नदिन



अर्जुन पराई
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष

नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र विकास साझेदारबाट सन्चालित त्यस्ता आयोजनाहरुलाई आवश्यक पर्ने ढुङ्गा, गिट्टी, बालुवाको वातावरणीय अध्ययन प्रतिवेदनको पालना हुने गरी सम्बन्धित गाउँपालिका वा नगरपालिकाले नियमानुसारको शुल्क वा दस्तुर लिई आयोजना कार्यालयको सिफारिसमा तोकिएको स्थानबाट निर्माण सामाग्री सङ्कलनको व्यवस्था मिलाउनुपर्ने बमोजिम उक्त आयोजनाहरुबाट एकमुष्ठका दरले सुपर खुदी हाईड्रोपावर प्रा.लि.(२६मेघावाट)लाई रु.१६,२५,०००।- र सुपर डादी जलविद्युत आयोजना (४०.२७ मेघावाट)लाई रु.२५,००,०००।- रोयल्टी बापतको रकम दाखिला/जम्मा गर्न लगाउने निर्णय गरियो।

**निर्णय नं. १२ : निर्माणधिन १० शैया अस्पतालको म्याद थप सम्बन्धमा।**

मर्स्याङदी गाउँपालिकाको कार्यालयको वडा नं ७ मा अवस्थित १० शैया अस्पताल निर्माण कार्यको ठेक्का नं.07/MRM/H-Building/2077-78 को यस मर्स्याङदी गाउँपालिका र **Shrinkhala Nirman Sewa Pvt. Ltd, Bidur-04, Nuwakot** बिच मिति २०८०।०१।१५ भित्र सम्पन्न गर्ने गरि मिति २०७८।०१।१४ गतेमा सम्झौता भएकोमा उक्त योजनाको हाल सम्मको भौतिक प्रगति ८५% र वित्तिय प्रगति ७६.४६% रहेको छ। यस योजना निर्माण कार्यको क्रममा २०८०-११-२४ गतेका दिन निज निर्माणव्यवसायीले विभिन्न कारण सहित पुनः म्याद थपको लागी निवेदन पेश गरेकोमा उक्त निवेदन उपर जाँचबुझ गर्दा निवेदनमा निर्माण व्यवसायीले २०८०-०६-२४ मा छैठौं रनिङ विल भुक्तानीको लागी निवेदन पेश गरेको तर उक्त योजनाको लागी नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट भुक्तानी हुने भएकाले यो आ.व. को लागी रकम निकासा नै ढिला भएकाले समयमा भुक्तानी हुन नसकेको हुनाले साथै मिति २०८०-११-२१ गते नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको सार्वजनिक खरिद नियमावली २०८०(१३ औं संसोधन) को दफा ३ को नियम १२० मा खरिद सम्झौताको अवधि थपसम्बन्धी विशेष व्यवस्था अनुसार उक्त फर्मले म्याद थप गर्नको लागि खुलाइएको कारण खरिद सम्झौता बमोजिम मनासिब देखिएको र समयमा भुक्तानी हुन नसकेको हुनाले निर्माण व्यवसायीले नयाँ Work Schedule पेश गरी उक्त Work Schedule मा फरक नपर्ने गरी प्रतिवध्दता समेत गरेको खण्डमा साथै सार्वजनिक खरिद नियमावली २०८०(१३ औं संसोधन) को दफा ३ को नियम १२०(क) बमोजिम कार्य सम्पन्न गर्न लाग्ने अवधि खुलाई संशोधित कार्यतालिका तथा म्याद थपका कारण थप आर्थिक दाबी नगर्ने प्रतिबध्दता सहित यो नियम जारी भएको मितिले ३० दिन भित्र निवेदन दिएमा बोलपत्र स्वीकृत गर्ने अधिकारीले म्याद थप गर्न सक्ने प्रावधान रहेकोले उक्त योजनाको म्याद मितिः २०८१-०६-१६ गते (६ महिना) अवधि सम्मको म्याद थप गर्ने निर्णय गरि सरोकारवाला निकायलाई पत्राचार गर्ने निर्णय गरियो।

तपशिलः-

| सि.नं. | विवरण | मिति देखि | मिति सम्म | अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १. | सम्झौता मिति | २०७८।०१।१४ | २०८०।०१।१५ | २ वर्ष | शुरु सम्झौता |
| २. | पहिलो म्याद थप | २०८०।०१।१६ | २०८०।०७।१६ | ६ महिना | का.पा बैठक |
| ३. | दोस्रो म्याद थप | २०८०/०७/१६ | २०८०/१२/१६ | ५ महिना | का.पा. बैठक |
| ४. | तेस्रो म्याद थप | २०८०/१२/१६ | २०८१/०६/१६ | ६ महिना | का.पा.बैठक |

अर्जुन गुरुङ
अध्यक्ष

अर्जुन थपाई
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १३ : टेन्डर निश्कासन गरि ठेक्का नलागेका घाटहरुको ढुङ्गा, गिट्टि र वालुवा सम्बन्धमा ।**

यस मर्स्याङदी गाउँपालिकामा रहेको मर्स्याङदी नदिको तोकिएका क्षेत्रबाट दिगो रुपमा ढुङ्गा गिट्टी तथा बालुवा संकलन/उत्खनन कार्य गर्नको लागी अध्ययन टोलि सहित प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन पारित भएको र उक्त प्रतिवेदनमा उल्लेखित बिभिन्न घाटहरुबाट नदिजन्य पदार्थहरुको लागी ठेक्का आव्हानको सुचना निकाल्दा कुनै पनि फर्मको आवेदन पेश हुन नआएकाले उक्त घाटहरुको घाटगध्दी तथा नियमन गरी वडा मार्फत नै पटके कर/राजश्व उठाउने गरी वडालाई नै जिम्मा दिने निर्णय गरियो।

**निर्णय नं. १४ : जनप्रतिनिधीहरुको तालिम आयोजना गर्ने सम्बन्धमा ।**

निर्वाचित जनप्रतिनिधीहरुको क्षमता अभिवृद्धि गर्न सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च (२२५१२) शिर्षकको सिपमुलक तथा क्षमता विकास कार्यक्रम शिर्षकवाट विनियोजन हुने गरि जनप्रतिनिधीहरुको भूमिका र नेतृत्व विकास सम्बन्धी तालिम आयोजना गर्ने यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं. १५ : स्वास्थ्य शिविर आयोजना गर्ने सम्बन्धमा ।**

स्वास्थ्य तर्फ विनियोजित बजेटको स्वास्थ्य शिविर शिर्षकबाट खर्च गर्ने गरि मर्स्याङ्दीवासीको स्वास्थ्य सुधारको निम्ति विशेषज्ञ सेवा सुविधा सहितको स्वास्थ्य शिविर आयोजना गर्ने यस गाउँपालिकाको गाँउकार्यपालिका वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं. १६ : कार्यदल गठन गर्ने सम्बन्धमा ।**

गाउँपालिकाको सेवा प्रवाहलाई थप व्यवस्थित गर्न आवश्यक थप व्यवस्थापनको निम्ति सुझाव पेश गर्न निम्नानुसारको कार्यदल गठन गर्ने यस गाउँपालिकाको गाँउकार्यपालिका वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

१. संयोजक, अध्यक्ष अर्जुन गुरुङ
२. सदस्य, उपाध्यक्ष, जुना माया थापा
३. सदस्य, सार्वजनिक सेवा तथा क्षमता विकास समिति संयोजक दुधमान तामाङ्
४. सदस्य, पूर्वाधार विकास समिति संयोजक चेत बहादुर गुरुङ
५. सदस्य, आर्थिक विकास समिति संयोजक घनश्याम घले
६. सदस्य, सामाजिक विकास समिति संयोजक तिल बहादुर गुरुङ
७. सदस्य सचिव, प्रमुख प्रशासकिय अधिकृत अर्जुन चपाई

**निर्णय नं. १७ : च्याम्चे भिर रक क्लाईम्बिङलाई बजेट विनियोजन सम्वन्धमा :**

मर्स्याङ्दी गाउँपालिका वडा नं.४ स्थित च्याम्चे भीरलाई रंक क्लाइम्बिंगलाई नेपाल पर्यटन बोर्डबाट आ.ब.२०८०/०८१ मा रु.१०,००,०००।-(अक्षेरुपी दश लाख मात्र) विनियोजन भई कार्य आदेश समेत प्राप्त भएको र सो कार्यक्रम अगाडी बढाउनका लागि नेपाल पर्यटन बोर्डको बजेट तथा कार्यक्रम कार्यान्वयन दिग्दर्शन २०७९ मा पालिकाको कम्तीमा २० प्रतिशत म्याचिङग फन्ड आवश्यक पर्ने स्पष्ट व्यवस्था भए बमोजिम गाउँ विकास योजनाको कार्यक्रम खर्च (२२५२२) को क्र.सं.३ मा उल्लेख भएको पर्यटन प्रबर्द्धन कार्यक्रम शिर्षकबाट रु.२,००,०००।-(अक्षेरुपी दुई लाख मात्र) खर्च हुने गरि च्याम्चे भीर रक क्लाइम्बिङग कार्य अगाडी बढाउने निर्णण गरियो । साथै सो योजना यस पालिकाको लागि नै गौरवको योजना भएकाले आउँदो आ.व. हरुमा पनि थप बजेट विनियोजन गरी उक्त योजनालाई सम्पन्न गर्ने प्रतिबद्धता सहित निर्णय गरियो।

अर्जुन गुरुङ
अध्यक्ष



अर्जुन चपाई
प्रमुख प्रशासकीय अधिकृत

मर्स्याङ्दी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
भुलभुले, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७५

**<u>निर्णय नं. १८ : बजेट विनियोजन सम्बन्धमा :</u>**

यस मर्स्याङदी गाउँपालिका वडा नं ३ स्थित खुदी पुरानो बजारमा झुण्डिएको अवस्थामा ठूलो ढुङ्गा रहेको र उक्त ढुङ्गालाई व्यवस्थापन र संरक्षण नगरेमा वस्ती तर्फ खसेर क्षति हुने देखिएकाले उक्त जोखिमलाई न्युनिकरण गर्नका लागी RCDC को सहयोगमा रु ३००००० (अक्षरुपीः तिन लाख रुपैया ) र लागत सोझेदारीको रुपमा बाँकी पालिकाले व्यहोर्ने गरी ईष्टिमेट गर्दा पालिकाको तर्फबाट व्यहोर्नुपर्ने रकम रु १,५५,०००.०० (अक्षरुपीः एक लाख पच्पन्न हजार रुपैया) विपद् व्यवस्थापन कोषबाट विनियोजन गरी उपभोक्ता समिती मार्फत गर्ने यस गाउँपालिकाको गाँउकार्यपालिका वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**<u>निर्णय नं. १९ : आर्थिक सहयोग सम्वन्धमा :</u>**

१) मर्स्याङ्दी गाउँपालिकाको स्वीकृत वार्षिक वजेट कार्यक्रमको विविध कार्यक्रम खर्च (२२५२९) अन्तर्गतको सि.न.१ मा उल्लेखित विभिन्न धार्मिक, सांस्कृतिक, साहित्यिक, महोत्सव, दिवस गोष्ठी सम्बन्धी विनियोजित वजेट खर्च शिर्षकबाट तपसिल बमोजिम आर्थिक सहयोग गर्ने यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

- जिल्ला खेलकुद विकास समिति, लमजुङ रु.३५,०००।- (अक्षरुपी तिस हजार)
- प्रभात प्रगतिशिल युवा क्लव, मर्स्याङ्दी -८ रु.२०,०००।- (अक्षरुपी बिस हजार)
- लायन्स क्लव ईन्टरनेस्नल डिस्ट्रिक्ट ३२५१, लमजुङ रु.३०,०००।- (अक्षरुपी तिस हजार)

अर्जुन चपाई
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष